नेपाल नागरिक उड्डयन प्राधिकरण

# विमानस्थल प्रमाणपत्र नियमावली, २०६१

(पहिलो संशोधन २०७३)

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# विमानस्थल प्रमाणपत्र नियमावली, २०६१

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१)[1] यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल प्रमाणपत्र (पहिलो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२)[2] यो नियमावली नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,**

(क) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल प्रमाणपत्र नियमावली, २०६१ सम्झनु पर्छ ।

(ग) "नियम" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल प्रमाणपत्र नियमावली, २०६१ को नियम सम्झनु पर्छ ।

(घ) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, को दफा २ (क) बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ङ) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, को दफा २ (ढ) बमोजिम नियुक्त महानिर्देशक संझन पर्दछ ।

(च) "विमानस्थल सञ्चालन संस्था" भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थाले वायुसेवा सञ्चालन गर्न र अन्य सरकारी तथा गैर सरकारी निकायले आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा सञ्चालन गर्ने हवाई उडानमा प्रयोगमा ल्याएका वायुयानको उडानलाई नेपाल अधिराज्यमा सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा तत्सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदान प्रदान गर्ने उद्देश्यले नेपाल अधिराज्यमा हाल विद्यमान तथा भविष्यमा निर्माण हुने विमानस्थल सञ्चालन गर्न

[1] पहिलो संशोधन २०७३ बाट संशोधित ।
[2] पहिलो संशोधन २०७३ बाट संशोधित ।

प्रचलित कानून बमोजिम स्थापित संस्थान, कम्पनी, एजेण्ट, फर्म वा व्यक्ति सँम्झनु पर्छ । यी शव्दहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र नेपाल नागरिक उड्डयन प्राधिकरण अर्न्तगतका अन्य विमानस्थल तथा हवाई कार्यालयहरुलाई समेत जनाउँछ ।

(छ) "विमानस्थल प्रमाणपत्र" भन्नाले नियम ६ बमोजिम विमानस्थल सञ्चालन गर्न पाउने अनुमति प्रदान गरिएको विमानस्थल प्रमाणपत्र सम्झनु पर्छ र यी शव्दले नियम १२ बमोजिम प्रदान गरिएको अन्तरिम विमानस्थल प्रमाणपत्रलाई समेत जनाउने छ । यस नियमावलीको प्रयोजनको लागि "विमानस्थल प्रमाणपत्र" भन्नाले ICAO बाट परिभाषित गरिए बमोजिमको "Aerodrome Certificate" को अर्थ लाग्ने छ ।

(ज) "विमानस्थल सुविधा तथा उपकरण" भन्नाले तोकिएको चार किल्ला भित्रको विमानस्थल क्षेत्रमा वा सो क्षेत्र बाहिर वायुयान उडान, अवतरण र भूमिस्थ आवागमन गर्न दिशानिर्देश (गाइड) गर्न प्रयेग तथा उपयोग हुने सम्पूर्ण सुविधा तथा उपकरण सम्झनु पर्छ ।

(झ) "विमानस्थल म्यानुअल" भन्नाले नियम ६ बमोजिम विमानस्थल प्रमाणपत्र प्राप्त गर्न चाहने विमानस्थल सञ्चालकले विमानस्थल प्रमाणपत्र आवेदनका साथ संलग्न गर्नु पर्ने विमानस्थल म्यानुअल सम्झनु पर्छ ।

(ञ) "विमानस्थल सञ्चालक" भन्नाले नियम ६ बमोजिम विमानस्थल सञ्चालन गर्न विमानस्थल प्रमाणपत्र प्राप्त प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको विमानस्थल सञ्चालन संस्था संम्झनु पर्छ ।

(ट) "विमानस्थल निरीक्षक" भन्नाले प्राधिकरणले विमानस्थलमा गरिनु पर्ने विमानस्थलको डाटा तथा विमानस्थल सञ्चालन प्रक्रियाहरुको जाँच (भेरिफिकेशन) गर्ने विमानस्थल सुविधाहरु, उपकरणहरुको स्थलगत जाँच, परिक्षण, उडानमा गई वायुयानबाट निरीक्षण र अन्य उड्डयन अध्ययन गर्ने, जस्ता विशेष प्रकारका कार्यहरु (टिपिकल ड्यूटिज) गर्न मनोनित प्राधिकरणका कर्मचारी संम्झनु पर्छ ।

(ठ) "एप्रोन" भन्नाले यात्रुहरु, डांक अथवा कार्गो वायुयानमा चढाउने वा ओह्राल्ने, इन्धन भर्ने, वायुयान पार्किङ वा मर्मत सम्भार गर्ने कामको निमित्त प्रयोग हुने विमानस्थल भित्रको निश्चित भूभाग संम्झनु पर्छ ।

(ड) "प्रमाणपत्र प्राप्त विमानस्थल" भन्नाले नियम ६ बमोजिम विमानस्थल प्रमाणपत्र प्राप्त विमानस्थल सम्झनु पर्छ ।

(ढ) "म्यानुभरिङ्ग एरिया" वायुयान प्रस्थान गर्न, ओह्राल्न र गुडाउन प्रयोग हुने एप्रोन बाहेकको विमानस्थलको भूभाग सम्झनु पर्छ ।

(ण) "मार्कर" भन्नाले विमानस्थलको भूभागको सतह माथि भएको कुनै अवरोध वा विमानस्थलको सीमाना दर्शाउन प्रदर्शित सांकेतिक वा अन्य कुनै चिन्ह वा वस्तु संम्झनु पर्छ ।

(त) "मार्किङ" भन्नाले विमानस्थलको मुभमेण्ट एरियाको भूभागमा उड्डयन सूचना (Aeronautical Information) सम्बन्धी जानकारी गराउन राखिएको कुनै एक संकेत वा संकेतहरुको समूह सम्झनु पर्छ ।

(थ) "अधिकतम भार वहन क्षमता" भन्नाले वायुयानको टाइप आप्रुभल प्रमाणपत्रमा स्वीकृत प्रदान गरिए अनुसार वायुयानले गर्ने उडानका लागि सो वायुयानमा राख्न सकिने अधिकतम यात्रु संख्याको क्षमता वा अधिकतम भारबोध (पेलोड) सम्झनु पर्छ ।

(द) "अधिकतम यात्रु वहन क्षमता" भन्नाले वायुयानको टाइप आप्रुभल प्रमाणपत्रमा स्वीकृत प्रदान गरिए अनुसार सो वायुयानको उडानमा राख्न सकिने यात्रुहरुको सिट संख्या सम्झनु पर्छ ।

(ध) "मुभमेण्ट एरिया" भन्नाले वायुयानमा वायुयान उडान तथा अवतरण गर्न र विमानस्थलको विसान क्षेत्र (एप्रोन) मा वायुयान आवत जावत गर्न प्रयोग हुने विमानस्थलको भूभाग सम्झनु पर्छ ।

(न) "अवरोध (Obstacle)" भन्नाले उडानमा वा विमानस्थलमा रहेको वायुयानको स्थल आवागमनको लागि तोकिएको क्षेत्रमा स्थायी वा अस्थायी रुपमा राखिएका सम्पूर्ण स्थिर (फिक्स्ड) वा चलायमान वस्तुहरु सम्झनु पर्छ ।

(प) "अवरोध मुक्त क्षेत्र (Obstacle Free Zone)" भन्नाले होचो भूभाग र हवाई पथ प्रदर्शनको लागि हलुका तवरले खडा गरिएका अवरोध वाहेकका भित्रि (इनर) ट्रान्जिसनल सर्फेस तथा अग्ला अवतरण भूभाग (लैण्डिङ्ग सर्फेस) भन्दा माथिका वायुमण्डलीय क्षेत्रलाई सम्झनु पर्छ ।

(फ) "अवरोध सिमाबद्ध गरिएका स्थलहरु" भन्नाले वरपर अवरोध भएको कारणले विमानस्थल अनुपयोगी हुनबाट रोक्न र वायुयानको सञ्चालन (अपरेशन) सुरक्षित तवरले सम्पन्न गर्न सम्भव तुल्याउने हेतुले अवरोधबाट मुक्त राखिने विमानस्थल तथा विमानस्थल वरपरका वायुमण्डलीय क्षेत्रलाई सम्झनु पर्छ ।

(ब) "धावनमार्ग पेटीका (स्ट्रिप)" भन्नाले वायुयान उडान तथा अवतरण गर्दा देहायका उद्देश्यहरु पूर्ति हुने गरी निर्धारित गरिएको वायुयान धावनमार्ग पेटीका सम्झनु पर्छ ।

(अ) वायुयान धावन मार्गमा उडान गर्न लाग्दा सम्भावित क्षतिको खतरालाइ न्यूनिकरण गर्ने, र

(आ) विमानस्थलबाट उडान वा विमानस्थलमा अवतरण गर्न लागेको वायुयानको सुरक्षा गर्ने ।

(भ) "सुरक्षा (सेफ्टी) व्यवस्थापन प्रणाली" भन्नाले विमानस्थलको सुरक्षा (सेफ्टी) लाई नियन्त्रित गरी त्यसको सुरक्षित प्रयोग गर्न सकिने प्रबन्ध मिलाउनका लागि विमानस्थल सञ्चालकले उड्डयन सुरक्षालाई दृष्टिगत गरि विमानस्थल सुरक्षा नीति अबलम्बन गर्न अपनाउने विमानस्थलमा अवस्थित निकायको स्वरुप, उत्तरदायीत्वहरु, प्रकृयाहरु र प्रावधानहरु समेतको प्रणालीलाई सम्झनु पर्छ ।

(म) "ट्याक्सी वे पेटीका (स्ट्रिप)" भन्नाले ट्याक्सी वेमा सञ्चालनमा रहेको वायुयानको सुरक्षा गर्ने र वायुयान ट्याक्सी वे बाट अकस्मात बाहिर गएको खण्डमा वायुयानलाई पर्न सक्ने क्षतिलाई न्यून गराउने उद्देश्यले राखिएको विमानस्थलको भूभागलाई ट्याक्सी वे पेटीका सम्झनु पर्छ ।

(य) "सेवा अयोग्य क्षेत्र" भन्नाले मुभमेण्ट एरिया भित्रको वायुयान सञ्चालनको लागि प्रयोग गर्न नसकिने तथा उपलब्ध हुन नसक्ने विमानस्थलको भूभाग सक्झनु पर्छ ।

(र) "कार्य क्षेत्र" भन्नाले मर्मत सम्भार अथवा निर्माण कार्य भईरहेको विमानस्थल क्षेत्रको भूभाग सम्झनु पर्छ ।

(ल)[3] ....

## ३. आई.सि.ए.ओ. (ICAO) बाट निर्धारित स्तर र सिफारिस पालना गर्ने :

यस नियममा उल्लिखित विमानस्थलको स्तर निर्धारण सम्बन्धी कुनै कुरा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धी (संशोधन सहित) अनूसूची १४ मा उल्लेखित स्तर र सिफारिस ( स्टाण्डर्डस र रिकमेण्डेड प्राक्टिसेस) को अङ्गको रुपमा रहेको मानिनेछ । ती कुराहरु नेपालमा लागू भएका तथा समय समयमा संशोधन गरिएका राष्ट्रिय नियमहरु तथा प्रचलनहरुकै अंगका रुपमा रहनेछन् ।

[3] पहिलो संशोधन २०७३ बाट खण्ड (ल) झिकिएको ।

# परिच्छेद २

## विमानस्थल प्रमाणपत्र

### ४. विमानस्थल प्रमाणपत्र प्राप्त गर्नु पर्ने :

(१)[4] सार्वजनिक उपयोगको निमित्त तीस सिट भन्दा बढी यात्रु बोक्न सक्ने क्षमता भएका वायुयान सञ्चालन हुने आन्तरिक विमानस्थल सञ्चालकहरुले विमानस्थल प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ ।

(२)[5] नेपालको कुनै पनि विमानस्थलमा अन्तर्राष्ट्रिय सार्वजनिक हवाई यातायात सेवा सञ्चालन गर्न विमानस्थल प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ ।

(३)[6] उपनियम (१) र (२) मा लेखिएदेखि वाहेकका अन्य आन्तरिक विमानस्थल सञ्चालन गर्नका लागि प्राधिकरणले निर्धारण गरे बमोजिम रजिष्ट्रेशन गर्न निवेदन दिनुपर्नेछ ।

### ५. विमानस्थल प्रमाणपत्रका लागि आवेदन दिने :

(१) विमानस्थल प्रमाणपत्रका आवेदकले तोकिए बमोजिमको आवेदन फाराम भरी महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने आवेदन फाराम प्राधिकरणले तोकिए बमोजिमको ढाँचामा "विमानस्थल म्यानुअल पेश" गर्नु पर्नेछ ।

### ६. विमानस्थल प्रमाणपत्र प्रदान गर्ने :

(१) नियम ५ बमोजिम पेश भएको विमानस्थल प्रमाणपत्र आवेदन पेश भएको अवस्थामा उपनियम (२) मा उल्लेखित शर्तहरु भएको छ भन्ने लागेमा महानिर्देशकले विमानस्थल प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(२) विमानस्थल प्रमाणपत्रका आवेदकको लागि आवश्यक योग्यता, क्षमता, दक्षता तथा अनुभव निम्न बमोजिम हुनु पर्नेछ :

[4] पहिलो संशोधन २०७३ बाट संशोधित
[5] पहिलो संशोधन २०७३ बाट संशोधित
[6] पहिलो संशोधन २०७३ बाट संशोधित

(क) विमानस्थल प्रमाणपत्रका आवेदकका साथै निजले विमानस्थल सञ्चालन तथा मर्मत सम्भार कार्यमा संलग्न गराउने कर्मचारीहरु विमानस्थलको सञ्चालन तथा मर्मत सम्भार गर्न सक्षम र अनुभवी छन् ।

(ख) आवेदन साथ पेश गरेको विमानस्थल म्यानुअलमा सम्बद्ध सम्पूर्ण जानकारीहरु समावेश गरिएका छन् ।

(ग) विमानस्थलमा उपलब्ध गराइएका सुबिधा, सेवा र उपकरणहरु तोकिए बमोजिमको स्तर तथा प्रचलन अनुरुप नै छन् ।

(घ) विमानस्थल सञ्चालन प्रक्रियाहरुमा वायुयानको सुरक्षा (सेफ्टी) का लागि सन्तोषप्रद प्रावधानहरु मिलाइएका छन् ।

(ङ) विमानस्थलमा सन्तोषप्रद सुरक्षा व्यवस्था प्रणाली (सेफ्टी म्यानेजेमेण्ट सिष्टम) को प्रवन्ध मिलाइएको छ ।

७. **विमानस्थल प्रमाणपत्र प्रदान गर्न नमिल्ने भएमा जनाउ दिनु पर्ने :**

कुनै पनि विमानस्थल प्रमाणपत्रका आवेदकलाई सो प्रमाणपत्र दिन नमिलेको खण्डमा सो आवेदन दिएको मितिले ६० (साठी) दिन भित्र महानिर्देशकले कारण खुलाई लिखित रुपमा निजलाई त्यसको जानकारी दिनु पर्नेछ ।

८. **विमानस्थल प्रमाणपत्रमा शर्तहरु तोक्न सक्ने :**

विमानस्थल प्रमाणपत्र प्रदान गर्दा विमानस्थल सञ्चालन गर्ने प्रयोजनमा लागि शर्तहरु तोक्ने अधिकार महानिर्देशकमा निहित रहनेछ ।

९. **विमानस्थल प्रमाणपत्र बहाल रहने अवधि :**

(१) विमानस्थल प्रमाणपत्र वहाल रहने अवधिका हकमा सो प्रमाणपत्र निलम्बन हुने वा रद्द हुने वा समयवधि पुरा हुने म्याद मध्ये जुन पहिले पुरा हुन्छ सोही अन्तिम म्यादसम्म विमानस्थल प्रमाणपत्र वहाल रहनेछ ।

(२)[7] विमानस्थल प्रमाणपत्रको अवधि नियम १६ बमोजिम निलम्बन वा रद्द नभएको अवस्थामा सामानयतया ५ (पाँच) वर्षको हुनेछ । यो प्रमाणपत्र प्रत्येक पाँच वर्षमा तोकिए बमोजिमको नविकरण गर्नु पर्नेछ । विमानस्थल सञ्चालकले नवीकरणको म्याद सकिनुभन्दा साठी दिन अगावै प्राधिकरणले तोके बमोजिमको

[7] पहिलो संशोधन २०७३ बाट संशोधित

शुल्क सहित निवेदन दिनुपर्नेछ । यस उपनियमको प्रयोजनका लागि हरेक वर्षको गणना इस्वी सम्वतको आधारमा गरिने छ ।

(३) नियम ६ बमोजिम प्रमाण पत्र प्राप्त विमानस्थलको आन्तरिक सुरक्षा (सेफ्टी) जाँच अडिट नियम २९ बमोजिम गर्नु पर्नेछ ।

(४) उपनियम (३) मा उल्लेखित आन्तरिक सुरक्षा (सेफ्टी) जाँच अडिट र प्रतिवेदन अनुसार विमानस्थल सञ्चालन स्थिति सन्तोषजनक नदेखिएमा सो स्थितीमा सुधार नगरिएसम्म महानिर्देशकले सो विमानस्थल सञ्चालनमा आंशिक रुपमा बन्देज लगाउन सक्नेछ ।

(५) उपनियम (४) अनुसारको विमानस्थल सञ्चालन स्थितिमा अविलम्व सुधार गर्न विमानस्थल सञ्चालकले तत्काल आवश्यक कदम चाल्नु पर्नेछ र सो स्थितिमा सुधार हुनासाथ सो कुराको प्रतिवेदन महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) अनुसार पेश भएको प्रतिवेदनका आधारमा विमानस्थल सञ्चालन गर्ने स्थिति सन्तोपजनक देखिएमा महानिर्देशकले विमानस्थल यथावत सञ्चालन गर्न पाउँने गरी उपनियम (५) बमोजिम विमानस्थल सञ्चालन गर्न आंशिक रुपमा लगाएको वन्देजलाई तुरुन्त हटाउन लगाउने छ ।

**१०. विमानस्थल प्रमाणपत्र फिर्ता गर्ने :**

विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताले सो प्रमाणपत्र फिर्ता गर्न चाहेमा महानिर्देशकलाई सो प्रमाणपत्र फिर्ता गर्न चाहेको मितिले कमसेकम ६० (साठी) दिनको अग्रीम सूचना दिनु पर्नेछ । महानिर्देशकले सो सम्बन्धमा उपर्युक्त कारवाही गरी प्रमाणपत्र सोही मिति देखि लागु हुने गरी रद्द गर्नेछ ।

**११. विमानस्थल प्रमाणपत्रको हस्तान्तरण :**

(१) निम्न लिखित अवस्थामा विमानस्थल प्रमाणपत्र अर्को आवेदकलाई दिने वा हस्तान्तरण गर्ने प्रकृयाको सूचना महानिर्देशकले जारी गर्न सक्नेछ ।

(क) यदि वर्तमान विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताले उक्त प्रमाणपत्रको म्याद समाप्त हुनु भन्दा ६० (साठी) दिन अगावै विमानस्थल सञ्चालन गर्ने कार्य छोड्ने छ भनी महानिर्देशकलाई लिखित जानकारी दिएमा,

(ख) विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताले सो प्रमाणपत्र हस्तान्तरण गरी लिन चाहेमा व्यक्ति वा निकाय बारे महानिर्देशकलाई लिखित जानकारी दिएमा,

(ग) वहालवाला विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताबाट सो प्रमाणपत्र हस्तान्तरण गरी लिन चाहनेले सो प्रमाणपत्र हस्तान्तरण गरी लिन पाउने अनुमतिका लागि प्रमाणपत्रको म्याद सकिनु भन्दा ६० (साठी) दिन अगावै महनिर्देशक समक्ष तोकिए बमोजिम आवेदन दिएमा, तथा

(घ) विमानस्थल प्रमाणपत्र हस्तान्तरण गरी लिने दिने प्रकृया नियम ४ को उपनियम (२) बमोजिम पूरा भएमा ।

(२) उपनियम (१) बमोजिम विमानस्थल प्रमाणपत्र हस्तान्तरण गर्न स्वीकृत दिने सम्वन्धी सम्पूर्ण अधिकार महानिर्देशकमा निहित रहनेछ ।

१२. **अन्तरिम विमानस्थल प्रमाणपत्र** :

(१) अन्तरिम विमानस्थल प्रमाणपत्र प्रदान गर्ने कार्य सार्वजनिक हित अनुकुल छ र उड्डयन सुरक्षा (सेफ्टी) प्रतिकूल छैन भन्ने लागेमा र अन्तरिम विमानस्थल प्रमाणपत्रको आवेदन सन्तोषजनक देखिएमा नियम ५ बमोजिम विमानस्थल प्रमाणपत्र लिन चाहने आवेदकलाई वा नियम ११ को उपनियम (१) बमोजिम विमानस्थल प्रमाणपत्र हस्तान्तरण गरि लिन चाहने आवेदकलाई महानिर्देशकले विमानस्थल सञ्चालन गर्ने अधिकार सहित अन्तरिम विमानस्थल प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रदान गरिएको अन्तरिम विमानस्थल प्रमाणपत्र निम्न लिखित अवस्थामा स्वत: रद्द हुनेछ ।

(क) नियम ५ बमोजिम विमानस्थल प्रमाणपत्र प्रदान गरिएको वा नियम ११ बमोजिम हस्तान्तरण गरिएको मितिमा, वा

(ख) अन्तरिम विमानस्थल प्रमाणपत्रमा उल्लेखित सो प्रमाणपत्रको बहाल रहने मिति नाघेमा, वा

(ग) खण्ड (क) र (ख) मा उल्लेखित मितिहरुमा जुन मिति पहिले पर्न आउँछ, सोहि मितिमा ।

(३) नियम ५ बमोजिक विमानस्थल लागु भए सरह नै नियम ५ बमोजिम विमानस्थल प्रमाणपत्र प्राप्त गर्नेलाई सरह अन्तरिम विमानस्थल प्रमाणपत्र उपर पनि लागु हुनेछ ।

**१३. विमानस्थल प्रमाणपत्रमा संशोधन :**

नियम ६ नियम २२ र नियम २३ मा तोकिए बमोजिमको अवश्यकता पुरा हुनुका साथै विमानस्थल सञ्चालनमा निम्न बमोजिम परिवर्तन भएमा महानिर्देशकले विमानस्थल प्रमाणपत्रमा संशोधन गर्नेछ :

(क) विमानस्थल प्रमाणपत्र प्राप्तकर्ता वा विमानस्थलको व्यवस्थापन कार्य धनीको परिवर्तन भएमा,

(ख) विमानस्थलको सञ्चालन वा प्रयोग परिवर्तन भएमा,

(ग) विमानस्थलको सीमानामा परिवर्तन भएमा, वा

(घ) विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताले संशोधनका लागि अनुरोध गरेमा । विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताले विमानस्थल सञ्चालनमा हुने वा भएको परिवर्तनको सम्बन्धमा प्राधिकरणलाई त्यस्तो जानकारी दिनु पर्दछ ।

**१४. विमानस्थल प्रमाणपत्र विहीन विमानस्थलहरु :**

सञ्चालन (अपरेशन) को प्रकृतीलाई विचार गरी महानिर्देशकले विमानस्थल प्रमाणपत्र विहीन विमानस्थलहरुलाई पनि सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

**१५[8]. विमानस्थल म्यानुअल (एरोड्रम म्यानुअल) :**

विमानस्थल प्रमाणपत्र प्राप्त गर्नका लागि सबै विमानस्थल सञ्चालकहरुले विमानस्थल म्यानुअलको व्यवस्था गरेको हुनुपर्नेछ ।

**१६. विमानस्थल प्रमाणपत्र निलम्वन वा रद्द गर्न सकिने :**

(१) विमानस्थल सञ्चालनमा निम्न लिखित अवस्था देखिएमा विमानस्थल प्रमाणपत्र निलम्वन वा रद्द गर्ने अधिकार महानिर्देशकमा निहित रहनेछ :

(क) विमानस्थल प्रमाणपत्रमा उल्लेखित शर्तहरु पालना गरिएको नभएमा वा

[8] पहिलो संशोधन २०७३ बाट संशोधित

(ख) विमानस्थलमा उपलब्ध सुविधाहरु, विमानस्थलको सञ्चालन तथा मर्मत सम्भार कार्यको स्तर उड्डयन सहाय सेवाको सुरक्षा (सेफ्टी) अनुकुल नभएमा ।

(२) विमानस्थल प्रमाणपत्र निलम्वन वा रद्द गर्नु भन्दा पहिले सो गर्नु नपर्ने कुनै ठोस तथा मनासिव कारण भएमा सो सहित लिखित रुपमा स्पष्टिकरण पेश गर्न महानिर्देशकले विमानस्थल प्रमाणपत्र प्राप्तकर्तालाई बढिमा ३५ दिनको समय दिनेछ र विमानस्थल प्रमाणपत्र निलम्वन वा रद्द गर्ने निर्णय गर्नु अघि ती स्पष्टिकरण उपर गम्भीरताका साथ विचार गर्नेछ । विमानस्थल प्रमाणपत्र निलम्वन वा रद्द गरिएको लिखित जानकारी विमानस्थल प्रमाणपत्र प्राप्तकर्तालाई छिटो माध्यमबाट दिनु पर्नेछ ।

**१७. दस्तुर :**

विमानस्थल प्रमाणपत्र वा अन्तरिम विमानस्थल प्रमाणपत्र प्रदान गरे वापत तथा सोको नविकरण गरे वापत आवेदकले तिर्नु पर्ने दस्तुर यस नियमावलीको अनुसूची २ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## विमानस्थल म्यानुअल (एरोड्रम म्यानुअल) :

**१८. विमानस्थल म्यानुअलको अनिवार्यता :**

(१) विमानस्थल सञ्चालन गर्नको निमित्त विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताका साथमा नियम १५ बमोजिमको विमानस्थल म्यानुअल हुन अनिवार्य छ ।

(२) विमानस्थल म्यानुअल निम्न बमोजिमको हुनु पर्नेछ :

(क) टाइप गरिएको वा छापिएको तथा विमानस्थल सञ्चालकको सहीछाप भएको,

(ख) सरलताका साथ संशोधन गर्न मिल्ने ढाँचामा राखिएको,

(ग) म्यानुअलको हरेक पृष्ठको लागु तथा संशोधन मितिको पञ्जिका राख्ने र सुधार (रिभिजन) को लगत राख्ने छुट्टै पाना समेतको व्यवस्था गरिएको, र

(घ) म्यानुअल तयार गर्ने, पुनरावलोकन गर्ने स्वीकृत तथा अनुमोदन गर्ने प्रकृया अपनाउन सुविधाजनक व्यवस्था मिलाइएको ।

(ङ) म्यानुअल प्रत्येक बुंदा तथा प्रत्येक पृष्ठको पञ्जिका बनाई राखिएको ।

**१९. विमानस्थल म्यानुअल (एरोड्रम म्यानुअल) रहने स्थान :**

(१) विमानस्थल सञ्चालकले कुनै पनि कुरा नछुटेको विमानस्थल म्यानुअलको पूर्ण (कम्प्लिट) अद्यावधिक प्रति महानिर्देशकलाई अनिवार्य रुपमा उपलव्ध गराउनु पर्दछ ।

(२) विमानस्थल सञ्चालकले विमानस्थल म्यानुअलको एक पूर्ण अद्यावधिक प्रति विमानस्थलमा र व्यवसाय गर्ने प्रधान कार्यालय विमानस्थल भन्दा बाहिर रहेको अवस्थामा सो प्रधान कार्यालयमा पनि अनिर्वाय रुपमा राख्नु पर्दछ ।

(३) उपनियम (२) मा उल्लेख गरिए बमोजिमको विमानस्थल म्यानुअलको प्रतिहरु प्राधिकरणका अधिकार प्राप्त कर्मचारीले निरीक्षण गर्न पाउने गरी राख्नु पर्दछ ।

## २०. विमानस्थल म्यानुअल (एरोड्रम म्यानुअल) समावेश गरिनु पर्ने सूचनाहरु :

(१) विमानस्थल प्रमाणपत्र प्राप्त विमानस्थल सञ्चालकले विमानस्थल म्यानुअलमा विमानस्थलमा प्रयोग हुन सक्ने हदसम्मका निम्न लिखित विवरणहरु निम्न भागहरुमा समावेश गर्नु पर्दछ :

(क) **भाग १**: विमानस्थल म्यानुअलको र्काय क्षेत्र र उद्देश्यमा आधारित यो नियमावलीको अनुसूची १ को भाग १ मा उल्लेखित सामान्य सूचनाहरु राष्ट्रिय नियमावलीहरुमा तोकिए बमोजिम विमानस्थल प्रमाणपत्र र विमानस्थल म्यानुअलका कानूनी आवश्यकताहरु विमानस्थल प्रयोग गर्नका लागि चाहिने व्यवस्थाहरु उपलव्ध एरोनटिकल सूचना सेवाहरु र तिनलाई लागु गर्ने प्रक्रियाहरु यो नियमावलीको परिच्छेद ४ मा तोकिए बमोजिमका वायुयानका गतिविधिहरु (मुभमेण्ट्स) को अभिलेख राख्ने प्रणाली तथा विमानस्थल सञ्चालकका दायित्वहरु ।

**(ख)** **भाग २:** यो नियमावलीको अनुसूची १ को भाग २ मा उल्लेख गरिए अनुसारका विमानस्थल र सम्बन्ध क्षेत्रका विवरणहरु ।

**(ग)** **भाग ३**: यो नियमावलीको अनुसूची १ को भाग ३ मा उल्लेखित एरोनोटिकल सूचना सेवाका लागि प्रतिवेदन दिन एरोनोटिकल इन्फर्मेशन सम्वन्धी आवश्यक विमानस्थलका विवरणहरु ।

**(घ)** **भाग ४**: यो नियमावलीको अनुसूची १ को भाग ४ मा उल्लेखित विमानस्थल सञ्चालन सम्बन्धी प्रक्रियाहरु र विमानस्थल सुरक्षा (सेफ्टी) सम्बन्धी कदमहरु । यसमा न्यून दृष्यता (लो भिजीबिलिटी) मा गर्नु पर्ने विमानस्थल सञ्चालकसंग सम्वद्ध हवाई उडान (एयर ट्राफिक) प्रकृयाहरु समावेश हुन सक्दछ । विमानस्थल म्यानुअलसंग पारस्परिक सम्बन्ध (त्रस रेफरेन्स) दर्शाई हवाई उडान व्यवस्थापन (एयर ट्राफिक म्यानेजमेण्ट) सम्बन्धी प्रक्रियाहरु सामान्यतया हवाई उडान सेवाहरु (एयर ट्राफिक सर्भिसेज) म्यानुअलमा प्रकाशित हुनेछ ।

**(ङ)** **भाग ५**: यो नियमावलीको अनुसूची १ को भाग ५ मा उल्लेखित विमानस्थल प्रशासन र सुरक्षा (सेफ्टी) व्यवस्था प्रणालीका विस्तृत विवरणहरु ।

**(च) भाग ६:** छुट दिन सकिने प्रावधानहरु ।

(२) यदि विमानस्थल सञ्चालकलाई नियम ६ को उपनियम (२) मा उल्लेखित कुनै आवश्यकता पुरा गर्न छुट दिएको छ भने महानिर्देशक त्यस्तो छुट दिएको आवश्यकताको पहिचान हुने गरी त्यसको क्रमसंख्या र त्यस्तो छुट दिएको लागू हुने मिति तथा त्यस्तो छुट प्रदान गरिएको कुनै शर्त वा प्रक्रियाहरु विमानस्थल म्यानुअल उल्लेख गर्नु पर्दछ ।

(३) यदि कुनै एक विशेष विवरण विमानस्थलका लागि लागु नहुने कारणले समावेश नगरिएको हो भने विमानस्थल सञ्चालकले ती विवरण लागु नहुने कारण म्यानुअलमा अनिवार्य रुपमा जनाई राख्नु पर्नेछ ।

२१. **विमानस्थल म्यानुअलमा संशोधन :**

(१) विमानस्थल सञ्चालकले विमानस्थल म्यानुअलमा संशोधन गर्न आवश्यक देखेमा सो को पूर्व जानकारी विषयवस्तु उल्लेख गरी महानिर्देशकलाई दिनु पर्नेछ ।

(२) उपनियम १ बमोजिम संशोधन गरीने मस्यौदा सहित विमानस्थल सञ्चालकले महानिर्देशक समक्ष आवेदन दिनु पर्नेछ ।

(३) उपनियम २ मा उल्लेखित विषय बाहेक अन्य विषयमा समेत विमानस्थल म्यानुअलमा संशोधन गर्न आवश्यक देखिएमा महानिर्देशकले विमानस्थल सञ्चालकलाई सो अनुरुप गरी संशोधन विमानस्थल म्यानुअलमा पेश गर्न आदेश दिन सक्नेछ ।

२२. **विमानस्थल म्यानुअलमा (एरोड्रम म्यानुअल) महानिर्देशकको स्वीकृति :**

(१) विमानस्थल सञ्चालकले विमानस्थल प्रमाणपत्र प्राप्त गर्न आदेश साथ विमानस्थल म्यानुअल स्वीकृतिका लागि महानिर्देशक समक्ष पेश गर्नुपर्नेछ ।

(२) विमानस्थल सञ्चालकले नियम २१ को उपनियम १ बमोजिम संशोधन गरीने मस्यौदा स्वीकृतिका लागि महानिर्देशक समक्ष पेश गर्नेछ । संशोधित म्यानुअल महानिर्देशकबाट स्वीकृति भएपछि मात्र लागु हुनेछ ।

(३) उपनियम १ र २ बमोजिम पेश गरिएको विमानस्थल म्यानुअलमा यस नियमावली अनुसार अध्ययन तथा स्थलगत निरीक्षण गरी प्रस्तुत प्रतिवेदनको आधारमा सो लागु गर्न महानिर्देशकले स्वीकृत प्रदान गर्नेछ ।

## २३. विमानस्थल सञ्चालकको सुपरिवेक्षक रहने व्यवस्था :

प्रमाणपत्र प्राप्त विमानस्थल सञ्चालकले आवश्यकता अनुसारको संख्यामा योग्य तथा दक्ष विमानस्थल सुपरिवेक्षक व्यवस्था गर्नु पर्नेछ। सुपरिवेक्षकको दायित्व निम्न अनुसार हुनेछ :

(क) म्यानुअलको प्रत्येक प्राप्त कर्ता (होल्डर) को लगत राख्ने ।

(ख) सबै संशोधनहरु म्यानुअल प्राप्त कर्ता (होल्डर) हरुलाई यथासमय उपलव्ध गराउने ।

(ग) म्यानुअल अनुसार कार्य भए नभएको अनुगमन गरी विमानस्थल सञ्चालक समक्ष पेश गर्ने ।

(घ) प्राधिकरणबाट खटिएका विमानस्थल निरीक्षकलाई विमानस्थल निरीक्षण गर्न सहयोग गर्ने ।

# परिच्छेद ४

## विमानस्थल सञ्चालकको दायित्व (अव्लीगेसन्स) :

**२४. आई.सि.ए.ओ.बाट निर्धारीत स्तर र सिफारिस (स्टाण्डर्ड र रिकमेण्डेड प्राक्टिसेस) गरिएको प्रचलन संग मेल खानुपर्ने :**

विमानस्थल सञ्चालकले नियम ३ मा उल्लेख भए अनुसार विमानस्थल सञ्चालन गर्नु पर्ने र नियम ८ मा उल्लेख भए अनुसार प्रमाणपत्रमा राखिएका शर्तहरुको पालना गर्नु पर्नेछ ।

**२५. विमानस्थल सञ्चालन तथा मर्मत सम्भार कार्य गर्ने कर्मचारीको क्षमता :**

(१) विमानस्थल सञ्चालकले विमानस्थल सञ्चालन तथा मर्मत सम्भार गर्ने कार्यसंग सम्वन्धि सम्पूर्ण संवेदनशील (क्रिटीकल) कार्यहरु गर्न पर्याप्त योग्य तथा दक्ष कर्मचारीहरु नियुक्त गर्नु पर्नेछ ।

(२) महानिर्देशकले उपनियम (१) मा उल्लेखित कर्मचारीहरुका लागि कुनै विशेष योग्यता आवश्यक छ भनि तोकी दिएमा विमानस्थल सञ्चालकले त्यस्तो योग्यता भएका कर्मचारीहरु मात्र नियुक्त गर्नु पर्नेछ ।

(३) विमानस्थल सञ्चालकले उपनियम (१) मा उल्लेखित कर्मचारीहरुको क्षमता वृद्धिको लागि उपयुक्त कार्यक्रम लागु गर्नु पर्नेछ ।

**२६. विमानस्थल सञ्चालन तथा मर्मत सम्भार :**

(१) महानिर्देशकले जारी गरेको निर्देशनको अधिनमा रहि विमानस्थल सञ्चालकले विमानस्थलको सञ्चालन तथा मर्मत सम्भारको कार्य विमानस्थल म्यानुअलमा उल्लेख गरिएका प्रक्रियाहरु अनुरुप गर्नु गराउनु पर्नेछ ।

(२) वायुयानको सुरक्षा (सेफ्टी) को प्रत्याभुतका निमित्त महानिर्देशकले विमानस्थल सञ्चालकलाई विमानस्थल म्यानुअलमा उल्लेखित प्रक्रियाहरुमा उपयुक्त संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(३) विमानस्थल सञ्चालकले विमानस्थलमा उपलव्ध सुविधाहरुको समुचित तथा सक्षम रुपमा मर्मत सम्भार गर्ने व्यवस्था गर्नेछ ।

(४) विमानस्थल प्रमाणपत्र प्राप्तकर्ताले विमानस्थलसंग सम्वन्धित हवाई क्षेत्रमा रहेका वायुयानको सुरक्षाको निमित्त सन्तोषजनक रुपमा स्तरिय हवाई यातायात सेवा पु्याउनका लागि हवाई यातायात सेवा (प्रदायक) प्रदान गर्ने निकायसंग

समन्वय कायम गर्नु पर्नेछ । यस्तो समन्वय कायम गर्दा हवाई सुरक्षा (सेफ्टी) संग सम्वन्धित अन्य कार्यहरु जस्तै उड्डयन सूचना सेवा, हवाई यातायात सेवा (एयर ट्राफिक सर्भिसेज), सम्वन्धित मौसमी निकाय तथा हवाई सुरक्षा (सेक्युरिटी) संग सम्वद्ध क्षेत्रहरुलाई समेत समेट्नु पर्दछ ।

२७. **विमानस्थल सञ्चालनको सुरक्षा (सेफ्टी) व्यवस्था प्रणाली :**

(१) विमानस्थल सञ्चालकले विमानस्थलका लागि आवश्यक विमानस्थल सुरक्षा (सेफ्टी) व्यवस्था प्रणालीको स्थापना तथा सञ्चालन गर्नेछ । यस प्रणालीको सुरक्षा स्वरुप तथा काम, कर्तव्य, अधिकार र दायित्व पनि उल्लेख गरी सुरक्षा (सेफ्टी) व्यवस्था सञ्चालन कार्य प्रत्यक्ष रुपमा नियन्त्रित तवरमा गर्न तथा आवश्यकतानुसार सुधार गर्न सकिने समेत प्रवन्ध मिलाउनु पर्दछ ।

(२) विमानस्थल सुरक्षा (सेफ्टी) कायम गर्न विमानस्थलमा रहेका सेवा सञ्चालकहरु (अपरेटर्स) का साथै सम्पूर्ण विमानस्थल प्रयोगकर्ताहरु, विमानस्थलमा स्थिर रुपमा अवस्थित हुने (फिक्स्ड बेस) भूमिस्थ सेवा सञ्चालकहरु (ग्राउण्ड हायण्डलिङ्ग एजेन्सीज) र विमानस्थलमा रही उडान अथवा वायुयान सञ्चालन सम्वन्धी कार्यहरु आत्मनिर्भरताका साथ गरिरहेका निकायहरुलाई समेत विमानस्थल सञ्चालकले विमानस्थल म्यानुअल अनुरुप कार्य गर्न लगाउनेछ । विमानस्थल सञ्चालकले उल्लेखित कार्यहरु तोकिए बमोजिम भए नभएको निगरानी गर्नेछ ।

(३) विमानस्थलमा अवस्थित विभिन्न सेवा सञ्चालकहरु, भूमिस्थ सेवा सञ्चालकहरुले उपनियम (२) मा उल्लेख भए अनुसार विमानस्थलको सुरक्षाको प्रवन्ध गर्ने कार्यमा सहयोग पुऱ्याउन पर्नेछ र विमानस्थलको सुरक्षित सञ्चालन गर्न गर्ने कार्यमा प्रतिकुल असर पर्न सक्ने विभिन्न दुर्घटना, घटना र त्रुटी बारे विमानस्थल सञ्चालकलाई अविलम्व सूचना दिनु पर्नेछ ।

२८. **विमानस्थल सञ्चालकको आन्तरिक सुरक्षा (सेफ्टी) जाँच (अडिट) र प्रतिवेदन :**

(१) विमानस्थल सञ्चालकले विमानस्थलमा उपलब्ध सुविधा र उपकरणहरुको निरीक्षण गर्ने लगायतका विमानस्थलको सुरक्षा (सेफ्टी) व्यवस्था प्रणालीको आन्तरिक जाँच गर्ने प्रवन्ध गर्नु पर्नेछ । सो जाँचमा विमानस्थल सञ्चालकका कार्यहरु पनि पर्नेछन् । यस किसिमको जाँच गर्दा विमानस्थल सञ्चालकले विमानस्थलमा अवस्थित वायुसेवा तथा विमानस्थल सेवा सञ्चालकहरु, भूमिस्थ सेवा निकायहरु र विमानस्थलमा कार्यरत नियम २८ को उपनियम (२) मा

उल्लेखित निकायहरु लगायतका विमानस्थल प्रयोगकर्ताहरु समेत बाह्य (एक्सटर्नल) सेफ्टी जाँच गराउने प्रबन्ध पनि मिलाउने छ ।

(२) उपनियम (१) मा उल्लेखित सेफ्टी जाँच प्रत्येक १२ महिनामा एक पटक गर्नु पर्नेछ ।

(३) विमानस्थल सञ्चालकले विमानस्थलमा उपलव्ध सुविधाहरु, सेवाहरु र उपकरण लगायतको सेफ्टी जाँच प्रतिवेदन उपयुक्त योग्य विज्ञबाट तयार गराउने छ ।

(४) विमानस्थल सञ्चालकले उपनियम (३) मा उल्लेखित सेफ्टी जाँच प्रतिवेदनको एक प्रति सामान्यतया दुई वर्षको समयावधिका लागि राख्नेछ । महानिर्देशकले सो प्रतिवेदनहरुको प्रति पुनरावलोकन तथा अन्य प्रयोजनका लागि माग गर्न सक्नेछ ।

(५) उपनियम (३) मा उल्लेखित प्रतिवेदनहरुमा सेफ्टी जाँच तथा निरीक्षण गर्ने व्यक्तिहरु सबैले दस्तखत गरेको हुनु पर्नेछ ।

२९. **विमानस्थल प्रवेश :**

(१) यस नियमावली बमोजिम प्रधिकरणबाट खटिएका कर्मचारीले विमानस्थलमा उपलव्ध सुविधाहरु, सेवाहरु र उपकरणहरुको निरीक्षण तथा जाँच गर्न सक्नेछ र विमानस्थल प्रमाणपत्र प्रदान गर्नु वा नविकरण गर्नु अगावै विमानस्थल सञ्चालकसंग भएका कागजातहरु र अभिलेखहरु निरीक्षण गर्नुका साथै विमानस्थल सुरक्षा व्यवस्था प्रणालीको जाँच गर्न सक्नेछ साथै विमानस्थलको सुरक्षा व्यवस्थाको यकिन गर्ने अभिप्रायले प्राधिकरणले विमानस्थलमा कुनैपनि समयमा निरीक्षण तथा जाँच पडताल गर्न सक्नेछ ।

(२) विमानस्थल सञ्चालकले उपनियम (१) मा उल्लेख भए बमोजिमको प्राधिकरणबाट खटाइएका कर्मचारीलाई उपनियम (१) को अभिप्रायका लागि विमानस्थलको उपकरण, अभिलेख, कागजात, विमानस्थल सञ्चालकका कुनै कर्मचारी लगायत विमानस्थलको कुनै भाग वा कुनै सुविधा राखिएका स्थानमा प्रवेश (एक्सेस) गर्न दिनु पर्दछ ।

(३) विमानस्थल सञ्चालकले उपनियम (१) मा उल्लेखित कियाकलापहरु गर्न गराउन प्राधिकरणबाट खटाइएका कर्मचारीलाई सहयोग गर्नु पर्नेछ ।

## ३०. सूचना गर्ने र प्रतिवेदन दिने :

(१) यो नियम बमोजिम यथासमयमा सूचना गर्ने तथा प्रतिवेदन दिनु पर्ने विषयमा प्राधिकरण, हवाई उडान नियन्त्रक तथा वायुयान चालकलाई विमानस्थल सञ्चालकले लिखित जानकारी समेत दिनेछ ।

(२) विमानस्थल सञ्चालकले उड्डयन सूचना प्रकाशनहरु (ए.आई.पि.) पुरक उड्डयन सूचना प्रकाशन, उड्डयन सूचना प्रकाशन संशोधनहरु, उड्डयन व्यक्तिलाई दिने सूचनाहरु (नोटाम), पूर्व उडान सूचना प्रकाशन र उड्डयन सूचना सेवा (ए.आइ.एस) बाट वितरित उड्डयन सूचना परिपत्र (ए.आइ.सि.) हरु प्राप्त हुनासाथ ती सूचनाहरुको अध्ययन गर्नेछ र यदि ती सूचनामा विमानस्थल सम्बन्धमा कुनै गलत सूचना भएमा उड्डयन सूचना सेवालाई अविलम्व सूचना गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा उल्लेख भए अनुसार सो उड्डयन सूचना सेवा सम्बन्धी प्रकाशनमा विमानस्थलको सुविधा, उपकरण तथा सेवाको स्तरमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइ.सि.ए.ओ) को एनेक्स १५ बमोजिम परिवर्तन हुने भएमा र त्यसबाट विमानस्थलको पूर्व नियोजित सुविधा, उपकरण र सेवा स्तरको यकिनता (एक्युरेसी) मा प्रभाव पर्ने भएमा विमानस्थल सञ्चालकले उड्डयन सूचना सेवा र प्राधिकरणलाई लिखित रुपमा सूचना दिनु पर्नेछ ।

(४) उपनियम (५) को अघीनमा रही विमानस्थल सञ्चालको जानकारीमा आएको निम्न लिखित कुनै परिस्थितिका बारेमा विमानस्थल सञ्चालकले उड्डयन सूचना सेवा, हवाई उडान नियन्त्रक र उडान सञ्चालन सम्वन्धी निकायहरुलाई तुरुन्त जानकारी गराउन पर्नेछ ।

(क) वाधा (अव्सटाकल्स), अवरोध (अव्सट्रक्सन) र खतराजन्य वस्तु ( हाजार्ड्स):

(अ) विमानस्थलसंग सम्बन्धित अव्सटाकल लिमिटेसन सर्फेसमा कुनै वस्तुबाट वाधा उत्पन्न भएमा

(आ) विमानस्थल वा विमानस्थल नजिक हवाई सुरक्षा (सेफ्टी) मा खलल पर्न सक्ने कुनै अवरोध वा खतराजन्य वस्तु भेटिएमा ।

(ख) सेवाको स्तरः उपनियम (२) को उड्डयन सूचना सेवा सम्बन्धि प्रकाशनमा उल्लेखित विमानस्थलको सेवाको स्तरमा कमी आएमा ।

(ग) मूभमेण्ट एरियाः विमानस्थलको मुभमेण्ट एरियाको कुनै भाग बन्द भएमा, र

(घ) वायुयान चालकलाई तुरुन्त सूचना दिनेः विमानस्थलको हवाई सुरक्षा (सेफ्टी) मा खलल पार्न सक्ने कुरामा पूर्व होसियारी लिनु पर्ने अवस्था आई परेमा ।

(५) उपनियम (४) मा उल्लेखित घटना बारे एयर ट्राफिक कन्ट्रोल र उडान सञ्चालन निकायलाई जानकारी दिन सम्भव नभएको परिस्थितिमा विमानस्थल सञ्चालकले सम्बद्ध वायुयान चालकलाई तुरुन्तै सूचना दिने व्यवस्था गर्नु पर्नेछ ।

३१. **विशेष निरीक्षण** :

विमानस्थल सञ्चालकले परिस्थितिको आवश्यकतानुसार उड्डयन सुरक्षालाई सुनिश्चित गराउन विमानस्थलको देहाय बमोजिम विशेष निरीक्षण गर्नु पर्नेछ :

(क) अन्तर्राष्ट्रिय नागरिक उड्डयन कन्भेन्सनको एनेक्स १३ मा उल्लेख गरिए अनुरुप वायुयानको दुर्घटना वा घटना पश्चात,

(ख) वायुयानको सुरक्षित सञ्चालनका लागि संवेदनशील हुन सक्ने विमानस्थलमा भएका सुविधाहरु र उपकरणहरुको निर्माण, जडान वा मर्मत सम्भारको बेला,

(ग) विमानस्थलमा उड्डयन सुरक्षा (सेफ्टी) मा खलल पार्न सक्ने कुनै पनि समयमा ।

३२. **विमानस्थल सतहबाट अवरोधहरुलाई हटाउने :**

हवाई उड्डयन सेवामा खतरा हुने सक्ने सवारी साधनहरु वा अन्य कुनै अवरोधहरुलाई विमानस्थल सतहबाट विमानस्थल सञ्चालकले तुरुन्त हटाउनु पर्नेछ ।

३३. **सचेत गराउने** :

विमानस्थल वा विमानस्थल नजिक कम उचाईमा उड्ने कुनै वायुयानको उडान सञ्चालन गर्दा सर्वसाधारण जनता वा सवारी यातायातलाई खतराजन्य हुने देखिएमा विमानस्थल सञ्चालकले निम्न बमोजिम गर्नु पर्नेछ :

(क) म्यानुभरिङ एरिया संगैको सार्वजनिक बाटोमा सो उडान सञ्चालन पश्चातको खतराजन्य (हाजार्ड) अवस्था बारे सचेत गराउने सूचना ( पोष्ट) जारी गर्ने,

(ख) यदि यस्तो सार्वजनिक बाटो विमानस्थल सञ्चालकको नियन्त्रणमा रहेनछ भने निजले त्यस्तो बाटोका अधिकार प्राप्त अधिकारीलाई सो बाटोमा खतरा छ भन्ने सूचना जारी गर्नको लागि सूचित गर्ने ।

**३४. हवाई अपरेशनका लागि विमानस्थल खुला र बन्द गर्ने समय तोक्ने :**

(१) एनेक्स, ए.आई.पि.नेपाल, एयरपोर्ट म्यानुअल र डाइरेक्टिभ्स आदिमा उल्लेख भए बमोजिम तथा उडान अनुमति विवरणहरुका आधारमा विमानस्थल सञ्चालकले विमानस्थल खुला राखी हवाई अपरेशन सेवा उपलव्ध गराउनेछ र सो कुराको जानकारी सम्वन्धित सबैलाई गराउनेछ ।

(२) उपनियम (१) मा उल्लेख गरिए बमोजिम विमानस्थल खुला रहने समय भन्दा अतिरिक्त समय विमानस्थल खुला राख्न परेमा विमानस्थल सञ्चालकले महानिर्देशकको स्वीकृतिमा सञ्चालनको मात्र परल खर्च उपर हुने गरी अतिरिक्त शुल्क लिन सक्नेछ ।

# परिच्छेद ५
## छुटहरु

**३५. महानिर्देशकले छुट दिन सक्ने :**

(१) यस नियमावली बमोजिम पालना गर्नु पर्ने प्रावधानहरुमा महानिर्देशकले आवश्यकता तथा औचित्यता हेरी केही प्रावधानहरुमा समयमवधी र शर्त समेत तोकि विमानस्थल सञ्चालकलाई छुट दिन सक्नेछ ।

(२) यस किसिमको छुट दिने निर्णय गर्नु भन्दा पहिले सुरक्षा (सेफ्टी) संग सम्वन्धित सबै पक्षको प्रतिकुल नहुने विषयमा विचार पुऱ्याउनु पर्नेछ ।

(३) सुरक्षा (सेफ्टी) को दृष्टिले आवश्यक भनि विमानस्थल प्रमाणपत्रमा उल्लेखित प्रक्रियाहरु र अवस्थाहरुमा मेल खाने आधारमा मात्र त्यस्तो छुट दिन सक्नेछ ।

**३६. नियम ३ मा उल्लेखित स्टाण्डर्ड र प्राक्टिसेस् पुरा नगरे वा फरक भएमा गर्नु पर्ने :**

(१) विमानस्थलले नियम ३ मा उल्लेखित स्ट्याण्डर्ड र सिफारिस गरिएका प्राक्टिसेस् पुरा नगरेको बेलामा महानिर्देशकले प्राविधिक अध्ययन गर्न लगाएर स्टाण्डर्ड र सिफारिस गरिएका प्राक्टिसेस् अनुकुल भए सम्ममात्र त्यस्ता स्टाण्डर्ड र सिफारिस गरिएका प्राक्टिसेस्ले अपेक्षा गरे वरावरको सुरक्षा (सेफ्टी) व्यवस्था गर्न सक्नेछ ।

(२) नियम ३ मा उल्लेखित स्टाण्डर्ड र सिफारिस गरिएका प्राक्टिसेस्बाट फरक (डेभियट) भएका कुराहरु विमानस्थल प्रमाणपत्रमा उल्लेख गर्नु पर्नेछ ।

**३७. विशेष उडानलाई प्राथमिकता प्रदान गरिनु पर्ने :**

आन्तरिक तथा बाह्य रुपमा परेको दैवी तथा प्राकृतिक प्रकोप, दुर्घटना, महामारी वा अन्य सङ्कटकालिन अवस्थामा खोज तथा जीवनोद्धार कार्य गर्न उद्धार सामग्री, औषधी, औषधोपचार एवं परोपकार कार्यमा संलग्न चिकित्सक, चिकित्सा सम्बन्धी यन्त्र, उपकरण आदि ओसार पसार गर्ने कार्यमा प्रयोग भएको विशेष उडानलाई महानिर्देशकको निर्देशनमा रही विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ । यस प्रकारका उडानमा लाग्ने विभिन्न शुल्क नियमित उडान शुल्कमा दुई तिहाई भन्दा बढी नलाग्ने गरी छुट दिन सक्नेछ ।

## परिच्छेद ६

## सुरक्षित (सेफ्टी) हवाई उडान संचालनका लागि पालना गर्नु पर्ने शर्त तथा सुविधाहरु

### ३८. नागरिक उड्डयन सम्वन्धी कानूनको उल्लंघन गर्न निषेध :

(१) कुनै पनि वायुयान सञ्चालक र वायुयान चालक दलले यस नियमावलीको उल्लङ्घन गर्न हुँदैन । कसैले त्यसको उल्लङ्घन गरेमा विमानस्थल सञ्चालकले सोको प्रतिवेदन महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विमानस्थल सञ्चालकले पेश गरेको प्रतिवेदन उपर महानिर्देशकले देहाय बमोजिम कारवाही गर्न लगाउन सक्नेछ ।

(क) यस विषयमा जाँचबुझ गर्न लगाउने, तथा

(ख) जाँचबुझ प्रतिवेदन तथा सिफारिसको आधारमा देहाय बमोजिम कारवाही तथा सजाय गर्ने ।

(अ) सम्बन्धित वायुयान चालकको उडान अनुमतिपत्र बढीमा तीन महीनासम्मको लागि निलम्बन गर्ने वा दशहजार रुपैयांसम्म जरीवाना गर्ने वा दुवै ।

(आ)) सम्बन्धित वायुसेवा सञ्चालकको वायुसेवा सञ्चालन अनुमतिपत्र बढीमा तीन महीनासम्मको लागि निलम्बन गर्ने वा एकलाख रुपैयांसम्म जरीवाना गर्ने वा दुवै ।

### ३९. जीवनोद्धार र अग्नी निवारण सामाग्री तथा उपकरण उपलव्ध गराइनु पर्ने :

आकस्मिक तथा सङ्कटकालिन स्थितिमा परेका यात्रु वायुयान, विमानस्थल तथा विमानस्थलमा मौजुद सम्पूर्ण व्यक्ति, सेवा र सुविधाहरुको जीवनोद्धार तथा सुरक्षाका लागि एनेक्स, ए.आई.पि. र म्यानुअलमा उल्लेख भए बमोजिमको जीवनोद्धार सेवा सामाग्री तथा अन्य प्रकारका उपकरण विमानस्थलमा उपलव्ध गराईएको हुनु पर्दछ ।

**४०[9]. प्रज्वलनशील तथा खतराजन्य वस्तु तथा पर्दाथ ओसार पसार गर्न धुम्रपान गर्न दिन नहुने :**

नेपाल सरकार र प्राधिकरणले तोकेको प्रज्वलनशील तथा खतराजन्य वस्तु तथा पदार्थ तोकेको परिमाण भन्दा बढी हुने गरी तथा तोकिएको तरिका बाहेक अन्य तरिकाबाट त्यस्तो वस्तु तथा पदार्थ विमानस्थल र विमानस्थल क्षेत्रमा ओसारपसार गर्न हुदैन । धुम्रपानका लागि भनि छुटयाइएको क्षेत्र बाहेक विमानस्थल तथा विमानस्थल क्षेत्रको अन्य स्थानमा धुम्रपान गर्नु हुदैन ।

**४१. अनधिकृत स्थानमा यात्रु मालसामान, जीव, जन्तु, चरा आदिलाई ल्याउन, लैजान दिन नहुने :**

विमानस्थलमा निर्दिष्ट स्थान बाहेक अन्य स्थानमा यात्रु, मालसामान, जीव, जन्तु, चरा आदिलाई ल्याउन, लैजान दिनु हुदैन ।

[9] पहिलो संशोधन २०७३ बाट संशोधित

# परिच्छेद ७
# विविध

**४२. म्यानुअल, प्रोसेड्यूर्स, रिक्वायरमेण्ट्स, डिरेक्टिभ्स बनाउन सक्ने :**

(१) विमानस्थल तथा विमानस्थल क्षेत्र सञ्चालन सम्बन्धमा र विमानस्थललाई सुरक्षित तुल्याउने दृष्टिकोणले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट निर्धारित एनेक्स, म्यानुअल तथा स्टाण्डर्डहरुको कार्यान्वयनका लागि गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून र यस नियमावलीको विपरित नहुने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरुलाई समेत ध्यानमा राखी महानिर्देशकले म्यानुअल, प्रोसेड्यूर्स, रिक्वायरमेण्ट्स तथा डाइरेक्टिभ्स बनाउन तथा लागू गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनेका म्यानुअल, प्रोसेड्यूर्स, रिक्वायरमेण्ट्स तथा डाइरेक्टिभ्समा रहेको व्यवस्था विमानस्थल सञ्चालनसंग सम्बद्ध सबै पक्षहरुलाई लागु हुनेछ ।

**४३. विमानस्थल सञ्चालन तथा नागरिक उड्डयन सम्बन्धि विषयमा तालीम सञ्चालन गर्ने र त्यसका लागि सहयोग गर्ने :**

(१) विमानस्थल सञ्चालन, मर्मत सम्भार तथा विमानस्थल सुरक्षा (सेफ्टी र सेक्यूरिटी) समेतका लागि आवश्यक योग्य र दक्ष कर्मचारीहरु तयार गर्न तथा ती कर्मचारीहरुका लागि नियम २६ को उपनियम (२) बमोजिम विशेष योग्यता आवश्यक छ भनि तोकिएमा सो योग्यताका लागि आवश्यक तालिम र प्रशिक्षण सञ्चालन गर्ने वा प्रचलित कानून बमोजिम इजाजत प्राप्त प्रशिक्षण संस्थाबाट गराउने सम्बन्धमा समेत विमानस्थल सञ्चालकले उपयुक्त समसामयिक सुझाब महानिर्देशक समक्ष पेश गर्न सक्नेछ ।

(२) विमानस्थल सञ्चालन बाहेक नागरिक उड्डयन सम्बन्धी विभिन्न तालिम र प्रशिक्षण सञ्चालन गर्नका लागि विमानस्थल सञ्चालकले विमानस्थल क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ र यस्ता सहयोग पुऱ्याए वापत विमानस्थल सञ्चालकले उपनियम (३) को प्रक्रिया पुरा गरी शुल्क लिन सक्नेछ ।

(३) विमानस्थल सञ्चालकले उपनियम (१) बमोजिम तालिम र प्रशिक्षण सञ्चालन गर्न आवश्यक पाठ्यक्तम तयार गर्ने, शुल्क निर्धारण गर्ने र उपनियम (२) बमोजिम तालिम तथा प्रशिक्षण सञ्चालन गर्न सहयोग पुऱ्याए वापत लाग्ने

शुल्क तोक्ने सम्बन्धमा म्यानुअल बनाई स्वीकृतिको निमित्त महानिर्देशक समक्ष पेशगरी महानिर्देशकबाट स्वीकृति भए बमोजिम गर्नु पर्नेछ ।

४४. **उडान अनुमतिको विवरण विमानस्थल सञ्चालकलाई दिनुपर्ने :**

(१) नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली २०५८ को नियम ५६ बमोजिम प्रदान गरिएका सम्पूर्ण उडान अनुमतिका विवरणहरु विमानस्थल सञ्चालकलाई पनि समय मै दिइनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उडान अनुमति पाएका तथा संकटकालीन अवस्थामा परेका उडान बाहेक अन्य उडानलाई विमानस्थल सञ्चालकले विमानस्थलमा अवतरण गर्न नदिन सक्नेछ ।

४५. **अनुमति बिना विमानस्थल निषिद्ध क्षेत्रमा प्रवेश गर्न नहुने :**

(१) विमानस्थल सञ्चालक वा निजबाट अधिकार प्राप्त व्यक्तिले तोकेको निषिद्ध क्षेत्रमा अनुमति बिना प्रवेश गर्नु हुदैन ।

(२) यात्रा तथा उडान सम्बन्धी वैध कागजात तथा हवाई टिकट बाहक यात्रुलाई निजले यात्रा गर्न तय भएको वायुयान सम्म पुग्नका लागि विमानस्थल सञ्चालकले तोकेको मार्गबाट प्रवेश अनुमति दिन सक्नेछ ।

४६. **आदेश तथा निर्देशन दिन सक्ने :**

ऐन तथा नियमावली बमोजिम महानिर्देशकले विमानस्थल सञ्चालक लगायत सम्वन्धित सबैलाई देहायका विषयका नागरिक उड्डयन सम्बन्धि एनेक्स तथा म्यानुअलको पालना गर्न गराउनका लागि समय समयमा आवश्यकतानुसार आदेश वा निर्देशन दिन सक्नेछ :

(क) विमानस्थलमा जडान गरिने उपकरण र अन्य भौतिक निर्माण तथा वस्तुको सम्बन्धमा,

(ख) भिजुयल र इन्स्टुमेण्ट उडान सञ्चालनको लागि आवश्यक दृष्टिगत सहायहरुको (भिजुयल एड्स) उपकरण सम्बन्धमा,

(ग) निर्धारित सुरक्षा (सेफ्टी) व्यवस्था अपनाउनु पर्ने सम्बन्धमा,

(घ) विमानस्थलमा हुने घटना तथा दुर्घटना सम्बन्धमा जानकारी दिने, प्राविधिक जाँचबुझ गर्ने र सो सम्बन्धमा सूचना प्रवाह गर्ने सम्बन्धमा,

(ङ) रनवे भिजुअल रेञ्ज (आ.भि.आर.) उपकरणको व्यवस्था गर्ने सम्बन्धमा,

(च) हवाई सुरक्षा (सेक्युरिटी) अभिवृद्धी गर्ने सम्बन्धमा,

(छ) दिगो तथा स्वच्छ वातावरण राख्ने सम्बन्धमा,

(ज) डम्पीङ्ग तथा लायण्डफिल साइट सम्बन्धमा,

(झ) वायुयानको घटना वा दुर्घटनाको जाँचबुझका लागि वायुयान तथा पार्टपुर्जाहरुलाई सुरक्षित राख्ने सम्बन्धमा,

(ञ) उडान सुरक्षा जाँच (सेफ्टी अडिट) गर्ने गराउने तथा अडिट टोलीको सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा,

(ट) वायुयानको घटना तथा दुर्घटना जाँच प्रतिवेदनका विमानस्थल सञ्चालनसंग सम्बन्धित सिफारिसहरु कार्यान्वयन गर्ने सम्बन्धमा,

(ठ) यस नियमावलीमा उल्लेख भएका अन्य विषयहरुका सम्बन्धमा ।

**४७. मान्यता दिन सकिने** :

नियम ४२ बमोजिम म्यानुअल, प्रोसेड्यूर्स, रिक्वायरमेण्ट्स तथा डाइरेक्टिभ्स नबनाए सम्म विमानस्थल तथा विमानस्थल क्षेत्र सञ्चालन सम्बन्धमा नेपाल सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम र स्टाण्डर्डहरु र कानून बमोजिम तोकिएका रिक्वाएरमेन्टहरु लाई प्राधिकरणले मान्यता दिई लागु गराउन सक्नेछ ।

**४८. अधिकार प्रत्यायोजन** :

यस नियमावली बमोजिम महानिर्देशकलाई भएको अधिकारहरु मध्ये केही अधिकार महानिर्देशकले आफु मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**४९. अनुसूचिमा हेरफेर** :

महानिर्देशकले आवश्यकतानुसार यस नियमावलीको अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

**५०. बचाउ :**

(१) यो नियमावली लागु भन्दा पहिले भए गरिएका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायतका विमानस्थल सञ्चालन सम्बन्धी सबै काम कारवाही यसै नियमावली बमोजिम भएको मानिनेछ ।

(२) यो नियमावली प्रारम्भ हुनु पूर्व स्वीकृत भई लागू भएको एनेक्स तथा म्यानुअल यसै नियमावलीको अभिन्न अंग मानिने छ ।

## अनुसूची - १
## विमानस्थल म्यानुअलमा समावेश गर्नु पर्ने बुँदाहरु

**भाग १ - सामान्य**

- विमानस्थलको म्यानुअलको अभिप्राय र कार्यक्षेत्र
- कानूनी आवश्यकता
- विमानस्थलको प्रयोग गर्नको निमित्त तोकिएका शर्तहरु
- एरोनटिकल सूचना
- वायुयानको आवागमनको अभिलेख राख्ने
- विमानस्थल सञ्चालकको दायित्वहरु

**भाग २ - विमानस्थल रहेको स्थानको विस्तृत विवरण**

- विमानस्थलको मुख्य सुविधाहरु दर्शाउने रेखाङ्कित योजना
- विमानस्थलको सीमाना दर्शाउने रेखाङ्कित योजना
- विमानस्थल रहेको स्थानको नक्सा
- विमानस्थलका साइटहरुको तोकिएको नाम

**भाग ३ - ए.आइ.एस.को निमित्त आवश्यक विमानस्थल सम्बन्धी विवरण**

**३.१ सामान्य**

- विमानस्थलको नाम
- विमानस्थलको भौगोलिक अवस्थिति
- विमानस्थलको सांकेतिक अक्षांश
- विमानस्थलको सांकेतिक अक्षांशको मूल्याङ्कन र भौगोलिक उचाई नाप
- थ्रेसहोल्डहरु र भौगोलिक उचाईको नाप
- विमानस्थल सांकेतिक तापक्रम
- विमानस्थलको विकन
- विमानस्थल सञ्चालनको नाम
- कर्मचारीहरुको नाम र भूमिका

**३.२ विमानस्थलको परिधि र सम्बन्धित सूचना**

- धावन मार्ग
- धावन मार्गको अन्तमा रहेका सुरक्षा क्षेत्र
- वायुयान गुडान गर्ने मार्गहरु
- विसानक्षेत्रको किसिम र वायुयान विसान स्थल
- क्लियर वे र जमिनको विवरण
- वायुयान अवतरणार्थ राखिएका दृष्टिगत सहायहरु
- भि.ओ.आर. जाँचविन्दु
- खास गुडान गर्ने मार्गहरु

- थ्रेसहोल्डहरुको अक्षांश
- गुडान मार्गको मध्यरेखाको विन्दुहरुको अक्षांश
- वायुयान स्टायण्डर्डहरुको अक्षांश
- अवरोधहरुको अक्षांश
- पेभमेण्ट सतहको किसिम
- अल्टिमिटरको जाँचविन्दुहरु
- घोषित दूरी
- क्षतिग्रस्त वायुयान पञ्छाउने योजना
- जीवनोद्धार तथा अग्नी निवारण सेवा

**भाग ४ - <u>विमानस्थल सञ्चालन गर्ने प्रक्रियाहरु र सुरक्षा (सेफ्टी) का उपायहरु</u>**

**४.१ <u>विमानस्थलमा प्रतिवेदन गर्ने</u>**

**४.२ <u>भूमिस्थ सञ्चालन क्षेत्रमा प्रवेश गर्ने</u>**

- संलग्न निकायहरुको भूमिका
- कर्मचारीहरुको नाम र भूमिका
- प्रवेश गर्नमा नियन्त्रण

**४.३ <u>विमानस्थल संकटकाल योजना</u>**

- विमानस्थल संकटकाल योजना
- सुविधा र उपकरणहरुको जाँच
- परिक्षणका लागि गर्नु पर्ने अभ्यासहरु
- सम्बन्धित इकाइहरुको लगत
- विमानस्थल सङ्कटकाल कमिटी
- घटनास्थल कमाण्डर, आदि
- कर्मचारीहरुको नाम र भूमिका

**४.४ <u>जीवनोद्धार र अग्नी निवारण सेवा सुविधाहरु</u>**

- सुविधाको विवरण
- जनशक्ति तथा तालिम
- कार्यविधि
- उपकरण
- जिम्मेवारी

**४.५ <u>विमानस्थल निरीक्षण (भूमिस्थ सञ्चालन क्षेत्र र ओ.एल.एस.)</u>**

- निरीक्षणको व्यवस्था
- ए. टि. सि. संग समन्वय
- लगवुकहरु
- समय तालिका

- जाँच गर्नु पर्ने कुराहरुको लगत
- प्रतिवेदन दिने
- कर्मचारीहरुको नाम र भूमिका

## ४.६ दृष्टिगत सहाय र विधुतीय प्रणालीहरु

- निरीक्षण गर्ने तालिका, जाँच गर्ने लगत
- परिणामहरुको अभिलेख राख्ने
- नियमित मर्मत र सङ्कटकालिन मर्मत
- सहायक विद्युत आपूर्ति प्रणालीहरु
- कर्मचारीहरुको नाम र भूमिका

## ४.७ भूमिस्थ सञ्चालन क्षेत्र मर्मत सम्भार

- मर्मत सम्भार गर्न मिलाइएको प्रवन्ध - पक्की क्षेत्र
- मर्मत सम्भार गर्न मिलाइएको प्रवन्ध - कच्चि क्षेत्र
- मर्मत सम्भार गर्न मिलाइएको प्रवन्ध - धावन मार्ग र गुडान मार्ग स्ट्रिपहरु
- मर्मत सम्भार गर्न मिलाइएको प्रवन्ध - ढलनिकास
- कर्मचारीहरुको नाम र भूमिका

## ४.८ विमानस्थलमा गर्नु पर्ने कार्यहरु - सुरक्षा (सेफ्टी)

- ए.टि.सि.संगको सम्पर्क
- मर्मत गर्ने इकाइका व्यक्तिहरुको नाम र भूमिका
- अन्य इकाइका व्यक्तिहरुको नाम र भूमिका
- वितरण (योजना) गर्ने लगत

## ४.९ विसान क्षेत्र व्यवस्थापन

- ए.टि.सि.संग मिलाइएको प्रवन्ध
- पार्किङ्ग गर्ने क्षेत्रको व्यवस्था
- इन्जिन चालु गर्ने र पछाडि घचेट्ने
- मार्शलिङ्ग
- अग्रभ्यान सेवा
- कर्मचारीहरुको नाम र भूमिका

## ४.१० विसानक्षेत्रको सुरक्षा (सेफ्टी) व्यवस्थापन

- जेट ब्लाप्टबाट रक्षा गर्ने
- इन्धन राख्दा अपनाउनु पर्ने होसियारी
- बढार्ने
- सफाई गर्ने
- सामान्य घटना र दुर्घटना बारे प्रतिवेदन गर्ने

- सुरक्षा (सेफ्टी) प्रावधान अनुरुप भए नभएको बारेमा जाँच गर्ने
- कर्मचारीहरुको नाम र भूमिका

**४.११ विमानस्थल भित्र सवारी साधन नियन्त्रण गर्ने**

- लागू गर्न सकिने सवारी नियन्त्रण गर्ने नियमहरु
- इजाजत प्रदान गर्ने विधिहरु
- कर्मचारीहरुको नाम र भूमिका

**४.१२ वन्यजन्तुबाट हुने खतराको व्यवस्थापन**

- खतराजन्यताको मूल्याङ्कन
- नियन्त्रण गर्ने योजनाहरुको कार्यान्वयन
- कर्मचारीहरुको नाम र भूमिका

**४.१३ अवरोध नियन्त्रण**

- उडान गर्ने सतहको निग्रानी
- अवरोधहरुको नियन्त्रण गर्ने
- भौतिक संरचनाहरुको उचाईको निगरानी गर्ने
- भौतिक संरचनाहरुको विकासको निगरानी गर्ने
- ने.ना.उ.प्रा.लाई सूचना दिने
- कर्मचारीहरुको नाम र भूमिका

**४.१४ क्षतिग्रस्त (डिसेवल्ड) वायुयान पन्छ्याउने**

- वायुयान सञ्चालक र वायुयान चलाउनेको भूमिका
- वायुयान धनीलाई सूचना दिने
- ए.टि.सि.संग सम्पर्क गर्ने
- उपकरण र काम गर्ने कर्मचारी
- वायुयान हटाउने/बचाउ र फुकुवा
- कर्मचारीहरुको नाम र भूमिका

**४.१५ खतराजन्य पदार्थको कार्य व्यवस्था**

- भण्डार गर्ने क्षेत्र
- कार्य व्यवस्थाको विधि
- कर्मचारीहरुको नाम र भूमिका

**४.१६ न्यून दृष्टिगत सञ्चालन रन्वे भिजुयल रेञ्ज सम्बन्धी उपकरण**

- जिम्मेवारी
- कर्मचारीहरुको नाम र भूमिका

**४.१७ राडार र नेभएडस्को क्षेत्रको रक्षा**

- क्रियाकलापहरुको नियन्त्रण
- भूमिस्थ मर्मत
- खतराजन्य माइक्रोवेभको विकिरण
- मर्मत कार्यहरु, रोकावट हटाउने र स्थानहरु
- कर्मचारीहरुको नाम र भूमिका

**भाग ५ - विमानस्थल प्रशासन र सुरक्षा (सेफ्टी) व्यवस्था प्रणाली**

- विमानस्थलको सङ्गठन तालिका (विमानस्थल सञ्चालकको तर्फबाट सरिक हुने निरीक्षक सहित समावेश हुने गरी )
- व्यक्तिहरुको नाम र भूमिका
- सुरक्षा व्यवस्था प्रणाली
- सुरक्षा नीति
- सुरक्षा व्यवस्था प्रणालीको सङ्गठन
- सुरक्षा व्यवस्था प्रणालीको रणनीति र योजना
- सुरक्षा व्यवस्था प्रणाली कार्यान्वयन गर्ने
- कार्यान्वयन गर्ने प्रणाली
- सुरक्षाको प्रवर्द्धन गर्ने उपायहरु
- आन्तरिक सुरक्षा जाँच
- औपचारिक लिखत बनाई राख्ने
- कर्मचारी तालिम र सक्षमता
- सुरक्षा गर्ने तरिका सम्बन्धी कुराहरुलाई मान्यता दिने र पालना गर्न लगाउने
- कमिटी, म्यानुअल वितरण, योजना वितरण

**भाग ६ - छुटहरु**

# अनुसूची - २

(नियम ५, ६, ७, ८, १०, ११, १२, १३, र ३१ संग सम्बन्धित)

| | शुल्क | रु |
|---|---|---|
| १. | आवेदन पत्र विक्रि | ५,०००।- |
| २. | आवेदन दर्ता | १०,०००।- |
| ३. | विमानस्थल प्रमाणपत्र नामसारी गर्ने | १०,०००।- |
| ४. | अन्तरिम विमानस्थल पत्रको लागि आवेदन | १०,०००।- |
| ५. | विशेष निरीक्षण दस्तुर | १५,०००।- |
| ६[10]. | विमानस्थल प्रमाणपत्र नवीकरण दस्तुर | १०,०००।- |

[10] पहिलो संशोधन २०७३ बाट संशोधित ।